तथ्यपत्र

# 1800MEDICARE एप

## 1800MEDICARE एप के हो?

**1800MEDICARE** एपले तपाईंलाई आफ्नो मोबाइल फोन वा उपकरण प्रयोग गरेर My Health Record (मेरो स्वास्थ्य रेकर्ड) सम्बन्धी जानकारी पहुँच गर्न, डाउनलोड गर्न, सुरक्षित राख्न र साझा गर्न अनुमति दिन्छ। यो **1800MEDICARE** एप प्रयोग गर्न इन्टरनेटमा जोड्न आवश्यक हुन्छ।

## 1800MEDICARE एपका फाइदाहरू के हुन्?

- तपाईंले **1800MEDICARE** एप प्रयोग गरेर सुरक्षित रूपमा My Health Record पहुँच गर्न र हेर्न सक्नुहुन्छ।
- **1800MEDICARE** को होम स्क्रिनका टाइलहरूले छिटो र सजिलै जानकारी फेला पार्न मद्दत गर्छन्।
- **1800MEDICARE** चिकित्सकीय इतिहासको समयरेखाले तपाईंको चिकित्सकीय इतिहासमा छिटो र सजिलो पहुँच दिन्छ।
- तपाईं वर्ष र कोटी अनुसार जानकारी छान्न सक्नुहुन्छ।
- इन्टरनेट उपलब्ध भएको ठाउँमा यो **1800MEDICARE** एप विश्वभर प्रयोग गर्न सकिन्छ।

## के My Health Record का सबै विशेषताहरु सो एपमा उपलब्ध छन्?

केही विशेषताहरु उस्तै छन्। तपाईंले मुख्य स्वास्थ्य जानकारी My Health Record (myGov मार्फत) र **1800MEDICARE** दुवैमा हेर्न सक्नुहुन्छ। यसमा नैदानिक कागजातहरू, मेडिकेयर कागजातहरू र तपाईंले थप गर्नुभएको महत्त्वपूर्ण जानकारी समावेश हुन्छन्। यदि तपाईं कसैको लागि मनोनीत वा अधिकारप्राप्त प्रतिनिधि हुनुहुन्छ भने, तपाईंले उनीहरूको अभिलेख पनि हेर्न सक्नुहुन्छ।

तर, हाल तपाईंले **1800MEDICARE** एप प्रयोग गरेर नयाँ जानकारी थप्न सक्नुहुँदैन र केही अभिलेखका सेटिङहरू व्यवस्थापन गर्न सक्नुहुँदैन। तपाईंले नयाँ जानकारी थप्न र अभिलेखका सेटिङहरू व्यवस्थापन गर्नको लागि myGov मार्फत My Health Record प्रयोग गर्नुपर्छ।

## एपमा कस्ता सुरक्षा सुविधाहरू छन्?

**1800MEDICARE** सुरक्षित र भरपर्दो छ। तपाईंले आफ्नो उपकरणको सुरक्षाको अतिरिक्त सुरक्षित ६-अंकको पिन स्थापना गर्न सक्नुहुन्छ। अरूसँग उपकरण साझा गर्नुअघि एपबाट लगआउट गर्न नबिर्सनुहोस्। यसले तपाईंको सूचनाको निजीपन र गोपनीयताको सुरक्षा गर्न मद्दत गर्दछ।

यदि तपाईंलाई **1800MEDICARE** एपको सुरक्षा सम्बन्धी अन्य कुनै चिन्ताहरू छन् भने, तपाईंले तुरुन्तै आफ्नो PIN परिवर्तन गर्नुपर्छ। तपाईंले एपको खाता पृष्ठमा आफ्नो PIN परिवर्तन गर्न सक्नुहुन्छ। यदि तपाईंले ५ मिनेटसम्म केही चलाउनु भएको छैन भने **1800MEDICARE** ले तपाईंलाई स्वतः एपबाट लगआउट गरिदिनेछ।

## 1800MEDICARE एपबाट मैले के डाउनलोड र साझा गर्न सक्छु?

**1800MEDICARE** एपले तपाईंलाई My Health Record बाट आफ्नो मोबाइल फोनमा कागजातहरू डाउनलोड गर्न अनुमति दिन्छ। तपाईंले खोपको प्रमाणका कागजातहरू जस्ता वस्तुहरू र रगत परीक्षण परिणामहरू जस्ता नैदानिक कागजातहरू डाउनलोड गर्न सक्नुहुन्छ। तपाईंले यी कुराहरूलाई आफ्नो फोनमा सुरक्षित राख्न सक्नुहुन्छ। **1800MEDICARE** ले तपाईंलाई अन्य व्यक्ति वा संस्थाहरूसँग कागजातहरू साझा गर्न पनि अनुमति दिन्छ। प्रत्येक पटक जब तपाईं साझा गर्न एप प्रयोग गर्नुहुन्छ, तपाईंले पप-अप सूचना प्राप्त गर्नुहुनेछ। यसले तपाईंलाई आफ्नो जानकारी साझा गर्दा सावधान रहन सम्झाउनेछ।

## मैले 1800MEDICARE एप कहाँबाट प्राप्त गर्न सक्छु?

तपाईंले Google Play Store (Android उपकरणका लागि) वा  App Store (Apple उपकरणका लागि) मा '1800MEDICARE gov' खोजेर एप डाउनलोड गर्न सक्नुहुन्छ। एप डाउनलोड गर्न QR कोड स्क्यान गर्नुहोस्।

## थप स्रोतहरू र सहायता

**1800MEDICARE** वेबपेज: https://www.digitalhealth.gov.au/1800MEDICAREapp

1800MEDICARE अनलाइन सिकाइ:
https://training.digitalhealth.gov.au/mod/page/view.php?id=1035

My Health Record हेल्पलाइन
फोन: १८०० ७२३ ४७१ (विकल्प १), दिनको २४ घण्टा, हप्ताको ७ दिन उपलब्ध छ।

Australian Digital Health Agency सम्पर्क फाराम: www.digitalhealth.gov.au/contact-us

अनुवाद र दोभाषे सेवा (TIS)
फोन: १३१ ४५०
वेब: www.tisnational.gov.au/Help-using-TIS-National-services/Contact-TIS-National

राष्ट्रिय रिले सेवा
फोन: १३०० ५५५ ७२७
वेब: www.accesshub.gov.au